१४. यस नगरपालिका वडा नं. ९ मसुरिया सपिङ्ग कम्प्लेक्स स्थित क्षितिज स्कुल जाने बाटोमा रहेका सटरहरुका साथै मसुरिया सूचना केन्द्रमा रहेका सटरहरुको सम्झौता अवधि समाप्त भएको साथै उल्लेखित सटरहरुमा व्यवसाय गरिरहेका व्यवसायीहरुले सम्झौताको म्याद थप गरी पाउँ भनि निबेदन पेश गरेको हुँदा गत बर्षको सटर भाडामा १०% ले वृद्धि गरी निज व्यवासायीहरु सङ्ग २(दुई) बर्षका लागि सम्झौता अवधि थप गर्ने र सम्झौता नबिकरण नगर्ने तथा समयमै भाडा दाखिला नगर्ने ब्यवासायीहरुले प्रयोग गर्दै आएको सटर भाडाका लागि पुनः सूचना प्रकाशन गर्ने सम्बन्धमा राजश्व परामर्श समितिको मिति २०८२/०४/११ गतेको सिफारिस बमोजिम नै आवश्यक कारवाही अगाडी बढाउने निर्णय गरियो ।

१५. यस नगरपालिकाबाट आ.व. २०८२/०८३ मा सम्पन्न भएका पुँजीगत योजनाहरुको प्रचलित कानुन, कार्यविधि तथा मापदण्ड बमोजिम प्राविधिक प्रतिबेदन, आर्थिक विवरण तथा सम्बन्धीत कागजातहरुको समिक्षा गरी फरफारक गर्ने निर्णय गरियो।

१६. आ.व. २०८२/०८३ मा उपभोक्ता समितिबाट सम्पन्न भएका पुँजीगत तर्फका योजनाहरुको नगरपालिकामा अभिलेख राख्ने र योजना सञ्चालन, संरक्षण र मर्मत सम्भारको जिम्मेवारी सम्बन्धीत समितिलाई प्रदान गर्ने निर्णय गरियो।

१७. यस गौरीगङ्गा नगरपालिकामा आवश्यक देहाय बमोजिमका पदमा सेवा करारमा कर्मचारी भर्नाका लागि दरखास्त आव्हान गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | पद/तह | संख्या | कैफियत |
|---|---|---|---|
| १ | दमकल चालक | १ जना | |
| २ | जे.सी.बि. चालक | १ जना | |
| ३ | हलुका सवारी चालक | १ जना | |
| ४ | कार्यालय सहयोगी | १ जना | |

१८. यस नगरपालिकाको दैनिक प्रशासनिक कामकाज सङ्ग सम्बद्ध देहायबमोजिमका दस्ताबेज उपर छलफल भई स्वीकृत गर्ने निर्णय गरियो ।

क. कृषक समुह गठन तथा व्यवस्थापन कार्यविधि, २०८३ ।

ख. कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ ।

देवी दत्त कंडेल
नगर प्रमुख

गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मसुरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३